नेपाल सरकार

Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra

Swiss Agency for Development and Cooperation SDC
स्वीस सरकार विकास सहयोग एसडीसी

# प्रदेश सरकार पर्यटन, वन तथा वातावरण मन्त्रालय कोशी प्रदेश,

## पदमार्गमा अवस्थित सिलीचोङ गाउँपालिका
## र
## परियोजना व्यवस्थापन तथा कार्यान्वयन सहयोग परामर्शदाता (PMISC) बीच

## पदमार्गमा आधारित पर्यटन विकास परियोजना (TTDP) कार्यान्वयनका लागि भएको

# त्रिपक्षीय समझदारी-पत्र (MoU)

फागुन २०८१

TRAIL-BASED TOURISM
Development Project

**प्रस्तावना**

कोशी प्रदेशमा पदमार्गमा आधारित पर्यटन विकासको माध्यमले दीगो रुपमा सामुदायिक पर्यटन प्रवर्धन गर्दै स्थानीय आर्थिक विकास गर्ने उद्देश्यले नेपाल सरकार र स्वीस सरकारबीच मिति २७ बैशाख, २०८१ तदनुसार ९ मे, २०२४ मा द्विपक्षीय सम्झौता भएको छ ।

यस परियोजनालाई कोशी प्रदेश सरकारकले प्रदेश गौरवको आयोजनाको रुपमा सुचिकृत गरेको छ । यो परियोजना प्रदेश सरकारका तर्फबाट पर्यटन, वन तथा वातावरण मन्त्रालय, संलग्न स्थानीय सरकारहरु र स्वीस सरकार विकास सहयोग नियोग (एसडीसी) वीचको सहकार्यमा परियोजना कार्यान्वयनमा सहजता प्रदान गर्न स्वीकृत परियोजना दस्तावेज (Project Document, ProDoc) मा उल्लेख भएका बूँदाहरुका आधारमा प्रदेश सरकार पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश, संवन्धित पदमार्गमा पर्ने स्थानीय सरकारहरु र परियोजना व्यवस्थापन तथा कार्यान्वयन सहयोग परामर्शदाता (Project Management and Implementation Support Consultant, PMISC[1]) बीच यो त्रिपक्षीय समझदारी पत्रमा हस्ताक्षर गरेका छौं । समझदारी गरिएका मुख्य बूँदाहरु देहाय अनुसार रहेका छन् । अन्य विषयहरु परियोजना दस्तावेजमा उल्लेख भए वमोजिम हुनेछन् ।

**समझदारी पत्रको अवधि**

यस समझदारी पत्रको अवधि परियोजना अवधी भर अर्थात २८ वैशाख, २०८१ देखि १६ साउन, २०८५ सम्म तदनुसार (१० मे, २०२४ देखि ३१ जुलाई, २०२८) सम्म रहनेछ ।

**परियोजनाको क्षेत्र**

परियोजना दस्तावेज (ProDoc) को बुँदा नं. ४.१ मा भएको व्यवस्था अनुसार यस परियोजनाको लक्षित क्षेत्र कोशी प्रदेश भीत्र पर्ने देहाय वमोजिमका ४ वटा पदमार्गहरुमा पर्ने २९ वटा स्थानीय तहहरू भौगोलिक रुपमा समेटिएका छन :

१. चियाबारी पदमार्ग: सुर्योदय नगरपालिका (१)

२. फाल्गुनन्द पदमार्ग: फिदिम नगरपालिका, फाल्गुनन्द गाँउपालिका, फालेलुङ गाँउपालिका, इलाम नगरपालिका, सन्दकपुर गाँउपालिका (५)

३. लालीगुरास पदमार्ग: चैनपुर नगरपालिका, चिचिला गाँउपालिका, धर्मदेवी नगरपालिका, खाँदवारी नगरपालिका, मादी नगरपालिका, मकालु गाँउपालिका, पाँचखपन नगरपालिका, सभापोखरी

*[1] परियोजना व्यवस्थापन तथा कार्यान्वयन सहयोग परामर्शदाता (PMISC) भन्नाले स्वीस सरकार विकास सहयोग नियोग (एसडीसी) का तर्फवाट परियोजना कार्यान्वयन गर्नका लागि प्राविधिक सहयोग उपलब्ध गराउन HELVETAS Nepal को परियोजना सहयोग ईकाइ लाई वुझिनेछ ।*

गाँउपालिका, सिलिचोङ गाँउपालिका, लालीगुराँस नगरपालिका, म्याङलुङ नगरपालिका, फेदाप गाँउपालिका (१२)

४. मुन्दुम पदमार्ग : साल्पासिलिछो गाँउपालिका, षडानन्द नगरपालिका, भोजपुर नगरपालिका, टेम्केमैयुङ गाँउपालिका, रामप्रसादराई गाँउपालिका, हतुवागढी गाँउपालिका, आमचोक गाँउपालिका , केपिलासगढी गाँउपालिका, साकेला गाउँपालिका, वेलका नगरपालिका र बराहक्षेत्र नगरपालिका (११)

**<u>परियोजनाको लक्ष्य:</u>** यस परियोजनाको प्रमुख लक्ष्य आ-आफ्नो सस्कृतिको संरक्षण गर्दै नविन तथा दिगो पर्यटनका माध्यमवाट कोशी प्रदेशका जनताको आर्थिक उपार्जनमा वृध्दि गर्ने रहेको छ । यो लक्ष्य प्राप्तिका लागि २ प्रतिफलहरु देहाय बमोजिम रहेका छन् :

**<u>प्रतिफल १.</u>** कोशी प्रदेश सरकारले संघीय सरकार र स्थानीय सरकारहरुसँग सांस्कृतिकरुपमा सम्पन्न तथा वातावरणमैत्री पदमार्गमा आधारित पर्यटन गन्तव्यहरूको विकासका लागि सहकार्य गर्नेछ ।

**<u>प्रतिफल २.</u>** सामुदायका सदस्यहरू, लघु उद्यमीहरू र साना ब्यवसायीहरू सांस्कृतिकरुपमा सम्पन्न र वातावरणमैत्री पदमार्गमा आधारित पर्यटनमा संलग्न भएका हुनेछन ।

## <u>परियोजना दस्तावेज</u>

परियोजनाको लक्ष्य, प्रतिफल, परिणाम, गतिविधिहरु तथा बजेट दायित्वको विस्तृत विवरण परियोजना दस्तावेज (ProDoc) मा उल्लेख गरिएकोछ । यो समझदारी-पत्र परियोजना दस्तावेजकै अंगको रुपमा रहनेछ ।

## <u>वित्तीय सहभागिता</u>

यस परियोजनामा कुल वजेटको ५५ प्रतिशत स्वीस सरकार, ८ प्रतिशत संघीय सरकार, १९ प्रतिशत प्रदेश सरकार र १८ प्रतिशत स्थानीय सरकारको वित्तीय सहभागिता रहनेछ । परियोजना अवधिभरको लागि अनुमानित लागतको संक्षिप्त विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ । यस अनुपातलाई सम्वन्धित पदमार्गमा पर्ने स्थानीय सरकारहरुले पालना गर्नु पर्नेछ ।

| क्र सं | वजेट शिर्षक | नेपाली रुपैया (हजारमा) | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्वीस सरकार | | संघीय सरकार | | कोशी प्रदेश सरकार | | स्थानीय सरकारहरु | | |
| १ | निर्माण कार्य | ७९२००० | ५१% | ७९२०० | ५% | ३४७७०० | २२% | ३४७७०० | २२% | १५६६६०० |
| २ | प्रवर्धनात्मक क्रियाकपाहरु | ६७५०० | १८% | १२०००० | ३३% | १०५००० | २९% | ७५००० | २०% | ३६७५०० |
| ३ | प्रदेश र स्थानीय तहको तालिम | ७५००० | १००% | ० | ०% | ० | ०% | ० | ०% | ७५००० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | तथा संस्थागत विकास | | | | | | | | | |
| ४ | बाहय मूल्याङ्कन सहित परामर्श सेवा | ४१७००० | १००% | ० | ०% | ० | ०% | ० | ०% | ४१७००० |
| ५ | परियोजना ब्यवस्थापन | ० | ०% | ० | ०% | ६००० | २०% | २४००० | ८०% | ३०००० |
| | **जम्मा** | १३५१५०० | ५५% | १९९२०० | ८% | ४५८७०० | १९% | ४४६७०० | १८% | २४५६१०० |

*दृष्टव्य: परियोजना दस्तावेज अनुसार १ स्वीस फ्रैंक वरावर नेरु १५० का दरले गणना गरिएको ।*

<u>**कार्यान्वयनमा संलग्न निकायहरुको दायित्व र भूमिका**</u>

परियोजना दस्तावेजको बुँदा नं. ४.८ अनुसार यस परियोजनाको कार्यान्वयनमा संलग्न निकायहरुको दायित्व र भूमिका देहाय अनुसार हुनेछ :

**प्रदेश सरकार पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश**

- परियोजना कार्यान्वयनलाई ब्यवस्थित गर्न परियोजना ब्यवस्थापन तथा समन्वय ईकाइ (Project Management & Coordination Unit, PMCU) स्थापना गर्नेछ ।
- यस परियोजनाको लागि परियोजना निर्देशक समिति (Project Streeting Committee, PSC) गठन गर्ने र वैठकको ब्यवस्था गर्नेछ ।
- परियोजना कार्यान्वयन गर्न र कोशी प्रदेशमा पर्यटनको प्रवर्धन तथा वजारीकरण गर्नका लागि आवश्यक कानून निर्माण गर्नुका साथै कार्यान्वयनमा समन्वय गर्नेछ ।
  परियोजनाको लागि वजेटको सुनिश्चितता गर्नुका साथै वार्षिक योजना, कार्यक्रम र बजेट तयारीमा संलग्न हुनेछ ।
- पदमार्गको निर्माण, मर्मत सम्भार तथा प्रवर्धनका लागि एकिकृत नीति तथा योजना तयार गर्नेछ ।
- पदमार्गमा आधारित पर्यटनको प्रचार प्रसार गर्ने संघीय सरकार तथा विभिन्न सरकोकार वाला निकायसंग समन्वय गर्नेछ ।
- पदमार्ग प्रयोगकर्ता (आगन्तुक) मार्गदर्शन तयार गरी प्रदेश भीत्र लागु गर्नेछ ।
- परियोजनाको प्रगति प्रतिवदन नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा पेश गर्नेछ ।

**परियोजना निर्देशक समिति (PSC)**

- प्रदेशमा परियोजना कार्यान्वयनका लागि आवश्यक नीति तथा कानून निर्माणका लागि आवश्यक मार्गनिर्देशन सहित प्रदेश तथा संघीय सरकारसंग आवश्यक समन्वय गर्नेछ ।
- परियोजनाको वार्षिक कार्ययोजना (Yearly Plan of Operation) लाई स्विकृत गर्नुका साथै सो सम्वन्धमा आवश्यक वजेटको ब्यवस्था गर्न आवश्यक निर्देशन दिनेछ ।
- परियोजना ब्यवस्थापन तथा समन्वय ईकाइ (PMCU) वाट पेश भएको बार्षिक प्रगति प्रतिवेदन स्विकृत गर्नेछ ।
- परियोजना कार्यान्वयनका चरणमा आइपर्ने मुख्य समस्याहरूलाई यथोचित संवोधन गर्नेछ।
- परियोजना अन्तर्गतका कामहरुको वार्षिक रुपमा आवश्यकता अनुसार अनुगमन गर्नेछ ।
- परियोजनाका लागि रणनीतिक मार्गदर्शन, नीतिगत सल्लाह, सुझाव तथा आवश्यक निर्देशन दिनेछ ।
- स्थानीय सरकार मार्फत परियोजना कार्यान्वयन गर्ने क्रममा आवश्यक पर्ने मापदण्ड तयार गर्न मार्ग निर्देशन गर्नेछ ।

**परियोजना ब्यवस्थापन तथा समन्वय ईकाइ (PMCU)**

- परियोजना निर्देशक समिति (PSC) को सचिवालयको रुपमा काम गर्नेछ ।
- समितिको अध्यक्षको निर्देशन अनुसार बैठक बोलाउने र ब्यवस्थापन गर्नेछ ।
- परियोजनाको लागि विनियोजन भएको बजेट प्रादेशिक विषयगत मन्त्रालय बजेट प्रविष्टि प्रणाली (PLMBIS) मा प्रविष्टि गर्नेछ ।
- पदमार्गको कार्यलाई आवश्यक समन्वय गर्नका लागि पदमार्ग समन्वय तथा ब्यवस्थापन समिति (TCMC) गठन गर्न सहजिकरण गर्नेछ ।
- पदमार्गमा आधारित पर्यटन विकास परियोजनासंग सम्वन्धित सबै स्थानीय सरकार तथा निजी क्षेत्र र स्थानीय  समुदायका प्रतिनिधिहरूसँग आवश्यक समन्वय गर्नेछ ।
- सेवा प्रदायक, लगानीकर्ता, उधमी, तथा प्रवर्धकको रुपमा नीजिक्षेत्रलाई संलग्न गराउन पदमार्ग विकासको शुरुवाती चरणबाटै आवश्यक योजना र रणनीति तर्जुमा गर्दै निजी क्षेत्रलाई सहभागी गराउन समन्वयकारी भुमिका खेल्नेछ ।
- पदमार्गहरुको काम कार्वाहीहरुको आवश्यकता अनुसार अनुगमन गर्ने ब्यवस्था मिलाउनेछ।
- स्थानीय कला संस्कृति प्रवर्धन, ब्रान्डीङ तथा वजारिकरणका लागि आवश्यक नियम र मापदण्ड तयार गर्नेछ ।
- सम्वन्धित स्थानीयतहबाट प्रस्तावित भई आएको वार्षिक कार्ययोजना तथा वजेटलाई एकिकृत गरी निर्देशक समितिबाट स्विकृत गराई कार्यान्वयन गर्ने/गराउनेछ ।

प्रदेश सरकार
उद्योग, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश
विराटनगर (नेपाल)

- पदमार्गको प्रवर्धन, प्रचार प्रसार तथा स्थानीय क्षमता अभिबृध्दिको निम्ति आवश्यक कार्यक्रम कार्ययोजनामा समेटी कार्यान्वयन गर्नेछ।
- मन्त्रालय मार्फत व्यवस्था गर्नुपर्ने आवश्यक वजेटको सुनिश्चितता गरी सम्वन्धित स्थानीय तहलाई समयमै वित्तिय हस्तान्तरण हुने व्यवस्था मिलाउने छ।
- प्रादेशिक तथा संघीय स्तरका अन्य सरोकारवाला निकायहरुसंग आवश्यकता अनुसार समन्वय गर्नेछ ।

**स्थानीय सरकार**

- स्थानीय सरकारले कार्यान्वयन निकायका रुपमा यस परियोजना अन्तर्गतका सम्वन्धित पदमार्गको निर्माण, पुनर्स्थापना, प्रवंधन तथा संरक्षण गर्नेछ ।
- स्थानीय सरकारले नेपाल सरकार र स्वीस सरकार विचको दुईपक्षीय सम्झौता वमोजिम स्थानीय स्तरमा कार्यक्रम कार्यान्वयन गर्नका लागि परियोजना कार्यान्वयन समिति (Project Implementation Committee, PIC) गठन गर्नेछ ।
- स्थानीय सरकारले आफ्नो क्षेत्र भीत्र स्वीकृत कार्ययोजना कार्यान्वयन गर्नका लागि कार्यान्वयन ईकाइको ब्यवस्था गर्नेछ ।
- परियोजनासंग सम्वन्धित स्थानीय बार्षिक योजना तथा कार्यक्रमहरुको अनुमोदन गर्नेछ ।
- तोकिएको पदमार्ग मध्ये आफ्नो क्षेत्रभीत्र पर्ने हिस्साको रेखाङ्कन (Alignment) निर्धारणमा विवाद भएमा त्यसको निरुपण गर्नेछ ।
- परियोजना अन्तर्गत पदमार्ग निर्माण तथा पुनर्स्थापना सम्वन्धि सम्पूर्ण कार्य गर्दा पदमार्ग उपभोक्ता तथा निर्माण समिति (TUCC) मार्फत गर्ने व्यवस्था मिलाउने छ । पदमार्ग उपभोक्ता तथा निर्माण समिति गठन गर्नका लागि आफ्नो तहवाट सदस्य सिफारिस गर्नेछ।
- पदमार्गहरु निर्माणका क्रममा जग्गाधनी, निजी लगानीकर्ता, वन उपभोक्ता समिति, वन कार्यालय लगायतका सरोकारवालाहरुसंग आवश्यक समन्वय सहजीकरण गर्नेछ ।
- दुईपक्षीय सम्झौता अनुसार परियोजनाका लागि आवश्यक पर्ने वजेटको ब्यवस्था गर्नेछ ।
- पदमार्गमा आधारित पर्यटन विकासका लागि आवश्यकता अनुसार स्थानीय नीति, कानून र मापदण्ड तयार गरी लागु गर्नेछ ।
- स्थानीय रहन सहन झल्कने कला संस्कृतिको संरक्षण गर्नुका साथै रैथाने खानाको प्रवर्धन गर्नेछ ।
- मौलिक कला तथा संस्कृतियुक्त घर तथा भौतिक संरचना निर्माणको लागि सहुलियत तथा सहयोगको नीतिगत ब्यवस्था गर्नेछ ।
- पदमार्गमा रैथाने सीप, कला र सस्कृतिको जगेर्ना र पुस्तान्तरण गर्न रैथाने शिल्पकला तथा सस्कृति सिकाई केन्द्र स्थापना तथा संचालन गर्नेछ ।

- पदमार्गको क्षेत्रमा होमस्टे, होटल तथा लज संचालन र साहसिक पर्यटन प्रवर्धनका लागि नीजि क्षेत्रलाइ प्रोत्साहन गर्नेछ ।
- पदमार्ग निर्माण तथा पुनर्स्थापना सम्वन्धि कार्य गर्नका लागि आवश्यकता अनुसार पदमार्ग उपभोक्ता तथा निर्माण समिति (TUCC) गठन गर्नेछ ।
- पदमार्ग निर्माण तथा पुनर्स्थापना सम्वन्धि कार्यको लागि आवश्यकताको आधारमा नियम अनुसार पदमार्ग उपभोक्ता तथा निर्माण समितिलाई पेश्कि रकमको ब्यवस्था गर्नेछ
- स्वीकृत वार्षिक कार्ययोजना अनुसार आफ्नो साझेदारी लागत अनुसारको वजेट विनियोजन गरी पदमार्ग उपभोक्ता तथा निर्माण समिति (TUCC) मार्फत प्रभावकारी रुपमा परियोजना कार्यान्वयन गर्नेछ ।
- पदमार्ग उपभोक्ता तथा निर्माण समिति (TUCC) लाई समावेशी बनाउनका लागि समितिमा कम्तिमा ४० प्रतिशत र प्रमुख पदहरुमा कम्तिमा ५० प्रतिशत महिलाको उपस्थिती सुनिश्चित गर्नेछ ।
- समान कामका लागि महिला र पुरुषको लागि समान पारिश्रमिकको सुनिश्चितता गर्नेछ ।
- पदमार्ग निर्माण कार्यको प्राविधिक मूल्यांकन गरी पदमार्ग निर्माणमा सहभागी समुह सदस्य (श्रमिक) हरुलाई मासिक भुक्तानी गर्नेछ । साथै पदमार्ग उपभोक्ता तथा निर्माण समिति मार्फत समुह सदस्यहरुको श्रम ऐन अनुसार दुर्घटना विमा भएको सुनिश्चित गर्नेछ ।
- स्थानीय सरकारले सार्वजनिक खर्च व्यबस्थापन तथा वित्तिय जोखिम न्यूनिकरण गर्नका लागि आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा दिग्दर्शन अनुसार कार्ययोजना बनाई कार्यान्वयन गर्नेछ ।
- परियोजनाको कार्यक्रम सञ्चालनको लागि स्थानीय संचित कोष मार्फत खर्च हुने रकमको श्रेष्ता तथा लेखा परीक्षण प्रचलित कानुन वमोजिम हुनेछ ।
- स्थानीय सरकारले पुर्वाधार निर्माणका क्रममा वातावरणमैत्री स्थानीय शासन प्रारुप, २०७८ लाई अनुसरण गर्नेछ ।
- परियोजना संचालनका क्रममा प्राविधिक सहयोग प्रदान गर्नका लागि पालिका सहयोग ईकाइलाई आवश्यक पर्ने कार्यालयको व्यबस्था गर्नेछ ।
- पदमार्गमा आधारित पर्यटनको दीगोपनका लागि पदमार्गको नजिक सडक निर्माण गर्ने गराउने कार्यलाई निरुत्साहित गर्नेछ ।
- पदमार्ग निर्माण सम्पन्न भए पश्चात सो को संचालन मर्मतसम्भार र दीगोपनका लागि आवश्यक ब्यवस्था मिलाउने छ ।

प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालय कोशी प्रदेश विराटनगर (नेपाल)

**परियोजना व्यवस्थापन तथा कार्यान्वयन सहयोग परामर्शदाता (PMISC)**

- समग्र परियोजनाको कार्यान्वयनमा परियोजना व्यवस्थापन तथा समन्वय इकाई र स्थानीय सरकारलाई परियोजना कार्यन्वयनको क्रममा निर्माण तथा पुनर्स्थापना, प्रवर्धन, अनुगमन तथा सुपरिवेक्षण लगायतका कार्यमा आवश्यक पर्ने सहयोग गर्नेछ ।
- प्रत्येक पदमार्गमा कामको मुल्याङ्कन गर्न र बजेटको आधारमा कार्ययोजनाको निर्माण र प्राथमिकता निर्धारणमा सहयोग गर्नेछ ।
- आवधिक योजना र प्रतिवेदनहरु; जस्तै Yearly Plan of Operation (YPO), वार्षिक प्रगति प्रतिवेदन तथा अन्य प्रकाशनहरु तयार गर्न सहयोग गर्नेछ ।
- प्रदेश तथा स्थानीय सरकारहरुलाई आवश्यक कानून तथा मापदण्डहरुको मस्यौदा गर्न तथा योजना तर्जुमामा सहयोग गर्नेछ ।
- परियोजनाका लागि आवश्यक पर्ने तालिमहरुको आयोजना गर्नेछ ।
- परियोजना निर्माणलाई पारदर्शि वनाउन सार्वजनिक सुनुवाई तथा सार्वजनिक परीक्षण गर्नमा सहयोग गर्नेछ ।
- सोझै भुक्तानि तर्फको खर्चको लेखा परीक्षण प्रतिवेदन परियोजना ब्यवस्थापन तथा समन्वय ईकाइ (PMCU) र नेपाल सरकारको महालेखा परीक्षकको कार्यालयमा पेश गर्नेछ ।
- परियोजनाको कार्यान्वयनका लागि परियोजना दस्तावेजले निर्दिष्ट गरे अनुसार आवश्यक कार्य गर्नुका साथै समन्वय गर्नेछ ।

**त्रिपक्षीय समझदारी पत्र संशोधन सम्बन्धी व्यवस्था :** यस समझदारी-पत्रमा आवश्यकता र औचित्यका आधारमा संशोधन, थपघट वा समझदारी अन्त्य गर्नुपर्ने अवस्थामा तीनै पक्षबाट लिखित पत्रचारमार्फत, आपसी समझदारीमा गर्न सकिनेछ ।

**वाधा अड्काउ फुकाउ विवाद समाधान सम्बन्धी व्यवस्था:** यस परियोजना कार्यान्वयनका क्रममा कुनै वाधा अडकाउ पर्न गएमा वा विवाद उठेमा त्यस्ता वाधा ब्यवधान तथा विवादहरुको अन्त्य तीनै पक्ष वीचको आपसी छलफल र समझदारीवाट गरिनेछ ।

यस समझदारीपत्रमा हस्ताक्षर गर्ने सवै निकायहरु परियोजना कार्यान्वयनको क्रममा सामाजिक समावेशिकरण तथा लैंगिक समता प्रति प्रतिवध्द रहनेछन । साथै सु-शासन तथा गरीबी न्यूनिकरण समबन्धि उपायहरु प्रवर्धन गर्दै स्थानीय समुदायलाई बढी भन्दा बढी फाइदा पुग्ने गरी परियोजनाको क्रियाकलापहरु सन्चालन गरिनेछ ।

**उपरोक्त बमोजिम परियोजना सन्चालन गर्न मंजुरी भई आज मिति वि.सं. २०८१ साल फागुन ८ गते हस्ताक्षर गर्ने पक्षहरु :**

| **प्रदेश सरकार पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश, विराटनगर** |
|---|
| हस्ताक्षर<br>नामः श्री विशाल घिमिरे<br>पदः प्रदेश सचिव,<br>कार्यालयको छाप : विशाल घिमिरे प्रदेश सचिव |
| **सिलीचोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, सङ्खुवासभा** |
| हस्ताक्षर<br>नामः भुपालराज मेवाहाङ<br>पदः अध्यक्ष<br>कार्यालयको छापः भुपालराज राई गाउँपालिका अध्यक्ष |
| **परियोजना व्यवस्थापन तथा कार्यान्वयन सहयोग परामर्शदाताको कार्यालय, विराटनगर** |
| हस्ताक्षर<br>नामः तुलसी नेपाल<br>पदः टीम लिडर<br>छापः |